आज मिति २०८१ श्रावण २७ गते आईतबारका दिन नीलकण्ठ नगर-कार्यपालिकाको बैठक नगर प्रमुख श्री भीमप्रसाद ढुंगानाज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्न प्रस्तावहरुमा छलफल तथा निर्णय गरियो।

<u>उपस्थिति</u>

१. नगर प्रमुख श्री भीमप्रसाद ढुंगाना

२. नगर उप-प्रमुख श्री दिपक विश्वकर्मा

३. प्रमुख प्रशासकीय अधिकृत श्री पुरुषोत्तम सुवेदी (सचिव)

४. वडा अध्यक्ष श्री गणेश बहादुर गुरुङ

५. वडा अध्यक्ष श्री ध्वज बहादुर गुरुङ

६. वडा अध्यक्ष श्री राजकुमार श्रेष्ठ

७. वडा अध्यक्ष श्री हरि बहादुर श्रेष्ठ

८. वडा अध्यक्ष श्री राम बहादुर श्रेष्ठ

९. वडा अध्यक्ष श्री भुपेन्द्र कुमार श्रेष्ठ

१०. वडा अध्यक्ष श्री गौतमहरि अधिकारी

११. वडा अध्यक्ष श्री प्रकाशकुमार श्रेष्ठ

१२. वडा अध्यक्ष श्री राजन वराइली

१३. वडा अध्यक्ष श्री सरोज पाण्डे

१४. वडा अध्यक्ष श्री राम बहादुर श्रेष्ठ

१५. वडा अध्यक्ष श्री धर्मराज भण्डारी

१६. वडा अध्यक्ष श्री सोम बहादुर गुरुङ

१७. वडा अध्यक्ष श्री नमराज तुवाडी

१८. कार्यपालिका सदस्य श्री चिनामाया श्रेष्ठ

१९. कार्यपालिका सदस्य श्री रामी नेपाली

२०. कार्यपालिका सदस्य श्री छतुमाया गुरुङ

२१. कार्यपालिका सदस्य श्री शान्ता थापा

२२. कार्यपालिका सदस्य श्री विशाल रोका

२३. कार्यपालिका सदस्य श्री लक्ष्मण रम्तेल

२४. कार्यपालिका सदस्य श्री मञ्जु थापामगर

२५. जि.ला वडा अध्यक्ष श्री युवराज पोखरेल

<u>अन्य आमन्त्रित उपस्थिति</u>

मितिः २०८१।०४।२७ गते

**बैठकमा छलफलका विषयहरु:**

१. एक वडा एक उत्पादनका लागि वडा छनौट गर्ने सम्बन्धमा।

   क. कृषि तर्फ- उत्पादन र वडा

   ख. पशुसेवा तर्फ- उत्पादन र वडा

   (प्रदेशको ६० प्रतिशत, नगरपालिकाको २० प्रतिशत र उपभोक्ताको २० प्रतिशत गरी कुल ४० प्रतिशत

२. सम्पति विवरण बुझाउने सम्बन्धमा।

३. वडागत चौमासिक विवरण बनाउने-भाद्र १५ सम्म अनिवार्य

४. सुत्र मार्फत राजश्व संकलन कार्य आश्विन १ गते देखि लागू गर्ने सम्बन्धमा।

५. खेलाडी सम्मान तथा प्रोत्सहान गर्ने सम्बन्धमा।

६. सामाजिक सुरक्षा भत्ताका लागि र राष्ट्रिय परिचय पत्रका सम्बन्धमा।

७. खरिद इकाइ मार्फत खरिद कार्य गर्ने सम्बन्धमा।

८. प्रगति समिक्षा गर्ने, स्वास्थ्य तर्फ र समग्र नगरपालिकाको गर्ने सम्बन्धमा।

९. विपद् तर्फ निवेदनहरुका सम्बन्धमा।

१०. जग्गा वर्गिकरणको सूचना प्रकाशन (उजुरी र जानकारीका लागि) सम्बन्धमा।

११. अन्य विविध विषयहरुका सम्बन्धमा।

नीलकण्ठ नगरपालिका

## नगर कार्यपालिकाको बैठक

मिति: २०८१।०४।२७ गते

**निर्णयहरु:**

१. एक वडा एक उत्पादनका लागि वडा छनौट गर्ने सम्बन्धमा:

यस नगरपालिका अन्तर्गत कार्यान्वयन हुने गरी संघीय/प्रदेश सरकारवाट हस्तान्तरित कृषि तर्फ- उत्पादन र वडा, पशुसेवा तर्फ- उत्पादन र वडा (प्रदेशको ६० प्रतिशत तथा नगरपालिकाको २० प्रतिशत र उपभोक्ताको २० प्रतिशत गरी कुल ४० प्रतिशत कार्यक्रम कार्यान्वयनको लागि वडा तथा उत्पादन छनौटमा सम्वन्धित वडाको सिफारिस सहित कृषक समुह वा सहकारीवाट विवरण प्राप्त गरी सम्वन्धित निकायमा सिफारिस गर्ने कार्यालयलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो। साथै उक्त कार्यक्रममा नगरपालिकावाट २० प्रतिशत लागत सहभागिता व्यहोर्ने प्रतिबद्धता गर्ने निर्णय गरियो।

२. सम्पति विवरण बुझाउने सम्वन्धमा:

नीलकण्ठ नगरपालिका नगर कार्यपालिकाको कार्यालय मातहतमा कार्यरत सबै जनप्रतिनिधि र सबै क्षेत्रका कर्मचारीहरुले भ्रष्टाचार निवारण, ऐन २०५९ को दफा ५० को उपदफा (१) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ क को उपदफा (१) को प्रयोजनार्थ मिति २०८१ भाद्र १५ गते सम्म आ-आफ्नो सम्पनि विवरण भरी अनिवार्य नगरपालिकाको कार्यालयमा पेश गर्ने निर्णय गरियो।

३. वडागत चौमासिक विवरण बनाउने सम्वन्धमा:

यस नगरपालिका अन्तर्गतका वडा कार्यालयहरुले आ-आफ्नो चौमासिक विवरण तयार गरी मिति २०८१ भाद्र १५ सम्म अनिवार्य नगर कार्यपालिकाको कार्यालयमा पेश गर्ने निर्णय गरियो।

४. सुत्र मार्फत राजश्व संकलन गर्ने कार्य आश्विन १ गते देखि लागु गर्ने सम्वन्धमा:

नीलकण्ठ नगरपालिकाद्वारा संकलन गरिदै आएको अनलाइन राजश्व प्रणाली मिति २०८१ आश्विन १ गतेवाट अनिवार्य रुपमा सुत्रमा आधारित अनलाइन राजश्व प्रणाली लागु गरी सोही प्रणाली मार्फत मात्र संकलन गर्ने निर्णय गरियो।

५. खेलाडी सम्मान तथा प्रोत्सहान गर्ने सम्बन्धमा:

नीलकण्ठ नगरपालिका वडा नं. १३ धादिङ स्थायी ठेगाना भएका कराते खेलाडी एरिका गुरुङ र नीलकण्ठ नगरपालिका वडा नं. ५ धादिङ स्थायी ठेगाना भएका कराते खेलाडी समिक्षा ढुंगाना दोयले भुटानमा आयोजित आठौं दक्षिण एसियाली (साफ) कराते प्रतियोगितामा आ-आफ्नो खेल समुहमा नेपालको प्रतिनिधित्व गरी नेपालको तर्फबाट स्वर्ण पदक हासिल गरेकोमा निजहरुलाई सम्मान र प्रोत्साहन स्वरुप जनही रु ५०,०००।- सहित नगद र सम्मान पत्र सहित सम्मान गर्ने निर्णय गरियो।

६. सामाजिक सुरक्षा भत्ताका लागि र राष्ट्रिय परिचय पत्रका सम्बन्धमा:

यस नगरपालिका भित्र सामाजिक सुरक्षा भत्ता वितरण गर्दा नगरपालिकाले नेपाल सरकारद्वारा निर्धारण गरिएको राष्ट्रिय परिचयपत्र अनिवार्य हुनु पर्ने व्यवस्थाको कार्यान्वयनका लागि वडागत रुपमा सूचना सम्प्रेशण गर्ने निर्णय गरियो।

७. खरिद इकाइ मार्फत खरिद कार्य गर्ने सम्बन्धमा:

यस नगरपालिकामा खपत हुने सबै किसिमका वस्तु तथा सेवाहरु खरिद गर्दा गठित खरिद इकाइ मार्फत मात्र खरिद हुने व्यबस्था मिलाउन नगर कार्यपालिकाको कार्यालयलाइ निर्देशन गर्ने निर्णय गरियो।

८. प्रगति समिक्षा गर्ने, स्वास्थ्य तर्फ र समग्र नगरपालिकाको गर्ने सम्बन्धमा:

यस नगरपालिकाको गत आ.ब.२०८०/०८१ को वित्तिय सुशासन, भौतिक पूर्वाधार शाखागत बजेट कार्यान्वयन, वडागत योजना तथा कार्यक्रमको स्थिति लगायतका बिविध पक्षलाई समेटि नगरपालिकाको समग्र प्रगति समिक्षा मिति २०८१ भाद्र महिनाको अन्तिम हप्ता गते आयोजना गर्ने निर्णय गरियो। साथै स्वस्थ्य शाखा तर्फको प्रगति समिक्षा मिति २०८१ भाद्र महिनाको दोस्रो हप्ता आयोजना गर्ने निर्णय गरियो।

९. विपद् तर्फ निबेदनहरुका सम्बन्धमा:

यस नगरपालिकामा गत आ.व. र चालु आ.व.मा परेको अविरल वर्षादका कारण भएको क्षतिको क्षतिपूर्ति माग सहित यस कार्यालयमा पेश भएका निबेदन उपर छलफल गर्न आवश्यकताको आधारमा एकिन गरी पेश गर्न वन वातावरण तथा विपद् व्यवस्थापन समितिलाई अख्तियारी

दिने निर्णय गरियो। साथै उक्त समितिबाट छलफल भइ आएका निवेदनहरुको उचित सम्बोधन तथा कार्यान्वयनका लागि आगामी नगरकार्यपालिकाको बैठकमा छलफल गर्ने निर्णय गरियो।

१०. <u>जग्गा वर्गिकरणको सूचना प्रकाशन (उजुरी र जानकारीका लागि) सम्बन्धमा:</u>

यस नगरपालिकाको भौगोलिक क्षेत्रमा रहेका जग्गाहरुको वर्गिकरणका लागि नापी कार्यालय, धादिङको समन्वय र सहकार्यमा तयार भई यस कार्यालयमा पेश भएको जग्गा वर्गिकरणको प्रतिवेदन उपर छलफल गरी वडागत रुपमा सो प्रतिवेदनमा आफनो क्षेत्रको जग्गाको बारेमा फरक विवरण परेको खण्डको उचित समाधानका लागि उजुरी दिनका लागि समय सीमा तोकी जानकारीका लागि सम्बन्धित वडाहरु मार्फत सूचना दिने निर्णय गरियो।

११. <u>खानेपानी व्यवस्थापनका गर्नको लागि ऐन,कानून तथा कार्यविधि निर्माणका लागि कार्यदल गठन गर्ने सम्बन्धमा:</u>

नीलकण्ठ नगर क्षेत्र भित्र व्यवस्थित रुपमा सुरक्षित खानेपानी व्यवस्थापन गर्न आवश्यक ऐन, कानून तयार गर्नका लागि वडा नं.१२ का वडा अध्यक्ष श्री धर्मराज भण्डारीको संयोजकत्वमा देहाय वमोजिमका सदस्यहरु रहने गरी ९ सदस्यिय कार्यदल गठन गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

क. श्री धर्मराज भण्डारी- संयोजक
ख. श्री हरी वहादुर श्रेष्ठ- सदस्य
ग. श्री राम वहादुर श्रेष्ठ- सदस्य
घ. श्री प्रकाश कुमार श्रेष्ठ- सदस्य
ङ. श्री राजन वराइली-सदस्य
च. श्री युवराज पोखेल- सदस्य
छ. श्री एलिना राई- सदस्य
ज. श्री ऋषि कोइराला-सदस्य
झ. श्री शिव राना- सदस्य सचिव

१२. आन्तरिक लेखा परिक्षण गराउने सम्बन्धमा:

नीलकण्ठ नगरपालिका प्रज्ञा प्रतिष्ठान ऐन, २०७९ अन्तर्गत गठन गरिएको नीलकण्ठ प्रज्ञा प्रतिष्ठानको प्रत्येक वर्षको आय-व्ययको लेखा र लेखा परिक्षण ऐनको दफा २२ बमोजिम हुने व्यवस्था रहेकोमा हाल यस नगरपालिकामा आन्तरिक लेखा परिक्षक नभएको हुदाँ उक्त प्रतिष्ठानको आ.व.२०८०/०८१ को आर्थिक कारोबारहरुको आन्तरिक लेखा परिक्षण कोष तथा लेखा नियन्त्रक कार्यालय, धादिङबाट गराउने निर्णय गरियो। साथै उक्त कार्यका लागी कोष तथा लेखा नियन्त्रक कार्यालय, धादिङलाई लेखी पठाउने निर्णय गरियो।

१३. कार्यसम्पादन करार गर्ने सम्बन्धमा:

यस नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ मा कार्यान्वयन हुने गरी स्वीकृत नीति, कार्यक्रम तथा बजेटको प्रभावकारी कार्यान्वयनका लागि नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत बीच कार्यसम्पादन करार गर्ने एवम् शाखागत बजेट कार्यान्वयनका लागि प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुख बीचमा कार्यसम्पादन करार गरी नगरपालिकाबाट सम्पादन हुने प्रत्येक सेवा प्रवाहलाई चुस्त, दुरुस्त छिटो छरितो बनाई नागरिकमैत्री सेवाप्रवाहको अनुभूति आम नगरबासीहरुमा हुने गरी कार्यसम्पादन करार गर्ने निर्णय गरियो ।

१४. सेवा करार निरन्तरता दिने सम्बन्धमा।

यस कार्यालयबाट सञ्चालित सुरक्षित आप्रवासन सामी कार्यक्रम अन्तर्गत जिल्ला प्रशासन कार्यालय धादिङ परिसरमा स्थापना भएको आप्रवासी स्रोत केन्द्रमा कार्यालय सहयोगी भएको र दैनिक रुपमा कार्यालय खोल्न तथा सरसफाइ गर्न विगत देखि सरसफाइ तथा मालिको रुपमा कार्यरत नीलकण्ठ नगरपालिका वडा नं.८ स्थायी ठेगाना भएकी वलिभद्र श्रेष्ठको नातिनी चन्द्रमान श्रेष्ठको छोरी कल्पना श्रेष्ठलाई कार्यालय सहयोगीको रुपमा सेवा करारमा निरन्तरता दिने निर्णय गरियो।

१५. नीलकण्ठ नगरपालिकाको खरिद योजनाको समिक्षा तथा आगामी आ.व.को वार्षिक खरिद योजना स्वीकृत गर्ने सम्बन्धमा:

नीलकण्ठ नगरपालिकाको आ.व. २०८०/०८१ का लागि तयार गरिएको वार्षिक खरिद योजना कार्यान्वयनका सम्बन्धमा समिक्षा गरी खरिद योजना कार्यान्वयनमा देखिएका कमिकमजोरीहरुलाई

आगामी आ.व.मा सुधार गरी थप प्रभावकारी बनाइ कार्यान्वयन गर्न खरिद इकाईलाई निर्देशन दिने निर्णय गरियो। साथै यस नगरपालिकाको आ.व. २०८१/०८२ का लागि तयार गरिएको वार्षिक खरिद योजनाको आवश्यक संशोधन एवम् परिमार्जन सहित वार्षिक खरिद योजना स्वीकृत गर्ने निर्णय गरियो।